# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं

पत्र संख्याः .....................
च.नं.: .................................

त्रिभुवन विश्वविद्यालय नेपाल ल क्याम्पस

मिति :- २०७८/१०/१७

**<u>एलएल.बी दोस्रो वर्ष आंशिक तर्फका विद्यार्थीहरुलाई अभ्यास अदालत (Moot Court) को लागि निर्धारित मुद्दा सम्बन्धी सूचना !</u>**

यस क्याम्पसमा सञ्चालित तीन वर्षे एलएल.बी. तह दोस्रो वर्षको अनिवार्य बिषय अभ्यास अदालत (Moot Court) अन्तर्गत आंशिक तर्फका विद्यार्थीहरुका लागि निर्धारित मुद्दा यसै साथ संलग्न गरी प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ। अभ्यास अदालत (Moot Court) को मौखिक परीक्षाको मिति पछि प्रकाशित गरिनेछ। मौखिक परीक्षामा उपस्थित हुँदा आफूले तयार पारेको मिसिल साथै लिई आउनु पर्नेछ।

...........................................
केशरमणी अर्याल
सहायक क्याम्पस प्रमुख

सहायक क्याम्पस प्रमुख

फोनः ९७७-०१-४२२५३५८, फ्याक्सः ९७७-०१-४२३२२३०७, इमेलः info@nlc.edu.np वेभसाईटः www.nlc.edu.np

त्रिभुवन विश्वविद्यालय
नेपाल ल क्याम्पस

# एलएल.बी. दोस्रो वर्ष (आंशिक) अभ्यास अदालतको लागि प्रस्तावित मुद्दा

१. मिति २०७७।०७।०९ गते राती भाइ केशव काफ्ले र उनको जेठो छोरा चेतन काफ्ले समेत एकै कोठामा अलग-अलग खाटमा सुतेकोमा छोरा चेतन काफ्लेले आफ्नै बुबालाई धारिलो हतियार वन्चरोले घाँटीमा हानी कर्तव्य गरी मारी भागेकोले निजलाई प्रकाउ गरी कानून बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको मृतकको दाजु भिमप्रसाद काफ्लेले इलाका प्रहरी कार्यालय बुटवलमा दिएको जाहेरी दरखास्त ।

२. रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं.४ पिपलडाडा स्थित पूर्वमा गिरीधारी भुषालको घर, पश्चिम मृतककै खेत, उत्तर सार्वजनिक बाटो र दक्षिण मृतककै गोठ यति चार किल्ला भित्र उत्तर तर्फ मोहडा भएको एक तले मृतक केशवराज काफ्ले कै पक्की घर, सो पक्की घरको उत्तर तर्फको मोहडाबाट पस्दा शुरुको वायाँ कोठामा रहेको काठको पलंगमा दक्षिण तर्फ टाउको, उत्तर तर्फ खुट्टा भई सिरक ओढी उत्तानो अवस्थामा घाँटी पूर्णरूपमा धारीलो हतियारले काटिइ रगताम्य अवस्थामा मृतक केशव राज काफ्लेको लास रहेको घटनास्थल तथा लास प्रकृति मुचुल्का । घाँटी पूर्ण रूपमा काटिएको कारणबाट मृतकको मृत्यु भएको भन्ने पोष्टमार्टम रिपोर्ट प्रतिवेदन ।

३. बाबुसँग घर व्यवहार चलाउने सम्बन्धमा बुबालाई राय सल्लाह दिँदा मैले दिएको राय सल्लाह बुबाले अस्वीकार गर्ने गरेकोले बुबा प्रति मेरो दिन प्रतिदिन रिसईवी बढ्दै गएकाले मिति २०७७।०७।०९ गते खाना खाई कोठाको एउठा खाटमा म र भाइ सुत्यौ र अर्को खाटमा बुबा सुत्नुभयो । बुबाले म प्रति गरेका व्यवहारले गर्दा रिस उठी वहिनी सुत्ने कोठामा रहेको बन्चरो ल्याई रातको १२ बजेको समयमा घाँटीमा प्रहार गरे बुबा छट्पटाए, घाँटी पुर्ण रुपमा नछिनिएकाले तीन पटकसम्म घाँटीमा प्रहार गरी कर्तव्य गरी मारेको हुँ भन्ने समेत व्यहोराको अभियुक्त चेतन काफ्लेले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

४. मेरो श्रीमान केशवराज काफ्ले र छोरा चेतन काफ्लेबीच पहिल्यै देखिनै घर व्यवहार सम्बन्धमा वादविवाद भइ रहन्थ्यो । मिति २०७७।०७।०९ गते खाना खाइ एकै कोठामा सुतेको अवस्थामा करिब १२ बजेतिर घ्द्राक घुद्रुक गरेको आवाज आयो । के हो ? के भयो भनी कराउदै उठी कोठामा गई हेर्दा सानो छोरा सुतेको र श्रीमानको घाँटी पूर्णरूपमा छिनिई मृतक अवस्थामा देखी हार गुहार

गरी छिमेकी जम्मा भए । घरको अगाडि रगताम्य अवस्थाको बन्चरो समेत देखी बन्चरोमा लागेको रगत पानीले धोएको हुँ भन्ने समेत व्यहोराको मृतककी श्रीमती धर्मी काफ्लेले प्रहरी समक्ष गरेको कागज ।

५. मिति २०७७।०७।०९ गते साँझ खाना पिना गरी दाजु चेतन काफ्ले र म एउटा खाटमा, बुबा केशवराज काफ्ले एउटै कोठामा रहेको अर्को खाटमा सुत्नु भयो । बहिनी छुट्टै कोठामा र आमा घरको भित्र गल्लीमा

त्रिभुवन विश्वविद्यालय

सुत्नुभयो । रातको करिब १२ बजेको समयतिर आमाले हल्ला खल्ला गरेको थाहा पाई उठ्दा बुबाको घाँटीमा धारिलो हतियारले काटिई मृत अवस्थामा हुनुहुन्थ्यो । दाजु घरमा थिएनन् । दाजुले नै बुबाको घाँटीमा धारीलो बन्चरोले हानी कर्तव्य गरी मारेका हुन् भन्ने समेत व्यहोराको मृतकको छोरा टंकराज काफ्लेले प्रहरी समक्ष गरेको कागज ।

६. प्रतिवादी चेतन काफ्लेले मिति २०७७।०७।०९ गते राती घरको एउटै कोठामा अलग अलग खाटमा सुति निदाएका आफ्नो बुबा केशव राज काफ्लेलाई घर व्यवहार सम्बन्धी पहिल्यै देखिको रिसईविको कारण घाँटीमा धारीलो जोखिमी हतियार बन्चरोले प्रहार गरी घाँटी छिनाई कर्तव्य गरी मारेकोले निज चेतन काफ्लेलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसूरमा ऐ ऐ को उपदफा (२) बमोजिम सजाय गरी पाउँ भन्ने अभियोग पत्र ।

७. २०७७।०७।०९ गते राती बुबा गाउकै छिमेकी कहाँ रेडियो सुन्न जानुभयो र राती १०:३० बजे तिर घरमा आई सुत्नु भयो । उक्त समयमा म निदाएको थिइन । बुबा सुतेपछि कोठाको बत्ती बालि म बाहिर पिसाब गर्न गए । पिसाब फेरेर आई म आफ्नै बिस्तारामा बसे । बुबा निदाएका होलान भनी बहिनी सुत्ने गरेको कोठामा रहेको बन्चरो लिई बुबा सुत्ने गरेको कोठामा गए । त्यसपछि बन्चरो लिई पुनः बहिनी सुत्ने गरेको कोठामा बन्चरो राखी आफ्नो बिस्तारामा गए । केहि बेरपछि पुनः बन्चरो लिई गए र केहि नगरी बन्चरो लिई फर्के । तेस्रो पटक लगभग १२ बजेको समयमा फेरी बुबा सुतेको कोठामा बन्चरो लिई गै बुबा निदाएको अवस्थामा बुबाको घाँटीमा ३ पटक बन्चरो प्रहार गरी घाँटी छिनाली कर्तव्य गरी मारेको हो । उक्त कार्यमा म बाहेक अरू कसैको पनि संलग्नता छैन भन्ने समेत व्यहोराको प्रतिवादी चेतन काफ्लेले अदालतमा गरेको बयान ।

८. प्रतिवादी चेतन काफ्लेले अदालत समक्ष गरेको, वयान घटनास्थल लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरी दरखास्त, प्रहरीमा कागज गर्ने मानिसको भनाई, वस्तुस्थिति मुचुल्काका मानिसको भनाई समेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट निज प्रतिवादी कसूरदार भएको देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को अवस्था विद्यमान हुदा पछि प्रमाण बुझ्दै जादा ठहरे बमोजिम हुने गरी हाललाई कानून बमोजिको सिधा खान पाउने गरी थुनामा राखी पुर्पक्ष गर्न निज प्रतिवादीलाई कारागारमा पठाइदिनु भनी रुपन्देही जिल्ला अदालतबाट मिति २०७७।०८।०२ मा भएको थुनछेक आदेश ।

९. २०७७।०७।०९ मा दाई र म एउटा पलङमा सुतेका थियौ । बुबा अर्को पलङमा सुत्नुभएको थियो । आमा कोठा बाहिर गल्लीमा सुत्नुभएको थियो भने दिदी छुट्टै कोठामा सुत्नुभएको थियो । राती अचानक आमा रोएको सुने, दिदी पनि उठेकी र रून थालेको हुँदा के रहेछ भनी हेर्दा बुबा आफ्नै खाटमा लडेको देखे । दाजु चेतन काफ्लेले बन्चरोले हानि मारेको भन्ने कुरा थाहा पाए । दाई त्यस ठाउँमा थिएन, दाजुले दिमागको बिरामी भै औषधि खाइ राख्नु भएको थियो भन्ने समेत व्यहोराको प्रहरीमा कागज गर्ने मृतकको भाइ टंकराज काफ्लेले गरेको वकपत्र ।

त्रिभुवन विश्वविद्यालय

१०. २०७७।०७।०९ गते म आफ्नै घरमा सुती रहेको अवस्थामा ढोका हानेको आवाज आइ उठेकोमा घरभन्दा मुनी भाइ केशवराजको घरमा रुवावासी भएको सुनी त्यहाँ गए । भाइ केशवराज आफू सुत्ने पलङ्मा अगाडिपट्टी घाँटी काटिएको, पछाडि थोरै भाग बाँकी रही मृत अवस्थामा र निजका अन्य परिवार रोइरहेका थिए । छोरा चेतन काफ्लेले बुबालाई सुतेको अवस्थामा बन्चराले हानि मारी भागेको रहेछ भन्ने समेत व्यहोराको जाहेरवाला भिमप्रसाद काफ्लेले अदालतमा गरेको वकपत्र ।

११. मृतक केशवराजको मृत्यु निजको छोरा चेतनले बन्चरो हानि काटी मारेका भन्ने कुरा सुनी थाह पाएको हुँ । चेतन काफ्ले दिमाग सम्बन्धी बिरामी भै औषधी खाई रहेका थिए भन्ने समेत व्यहोराको प्रहरीमा कागज गर्ने खिमानन्द तिवारीले अदालतमा आई गरेको वकपत्र ।

१२. चेतन काफ्लेको मानसिक अवस्थाका सम्बन्धमा स्वास्थ्य परीक्षण गरी गत ३।४ वर्ष देखि मानसिक रोग लागी चिकित्सकसँग उपचार गराएको प्रेस्क्रिप्सन हेर्दा निज "सिजोफ्रेनिया" भन्ने मानसिक रोगबाट पीडित भएको भन्ने व्यहोराको "भिम अस्पताल विकास समिति' रूपन्देहीका मानसिक रोग विशेषज्ञ डा. ब्रह्म नारायण भारीको प्रतिवेदन ।

१३. प्रतिवादी चेतन काफ्ले प्रहरी र अदालतमा गरेको साविति बयान लगायतका मिसिल संलग्न प्रमाणबाट निज प्रतिवादीले बन्चरो प्रहार गरी केशवराज काफ्लेलाई कर्तव्य गरी मारेको पुष्टि भएको र निजलाई सोधेका हरेक प्रश्नको जवाफ दिन सक्ने कुरा स्पष्ट वुझ्ने र बुबाको मृत्युको कुरा सुनाउँदा दुखित समेत भएको देखियो । यस्तो अवस्थाका यी प्रतिवादीले मानसिक रोगको कारणले आफ्नो बुबालाई मारेको भनी अर्थ गर्न मिल्ने देखिँदैन । तसर्थ, प्रतिवादीले बन्चरो जस्तो जोखिम हतियारले आफ्नै जन्मदाता बुबालाई घाँटी जस्तो मर्मस्थलमा हानी मारेकोले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ (२) बमोजिम जन्मकैद को सजाय हुने ठहर्छ भन्ने समेत व्यहोराको रुपन्देही जिल्ला अदालतको मिति २०७८।०९।०९ को फैसला ।

१४. मैले अदालतमा गरेको बयानमा मानसिक अवस्था ठिक नभएको भनी भनेको छु । भिम अस्पताल, रुपन्देहीका मानसिक रोग विशेषज्ञ डा. व्रह्म नारायण भारीले "सिज्रोफ्रोनिया" भन्ने मानसिक रोग लागेको भनी प्रतिवेदन लेखिदिएको साथै मैले पहिले देखि नै मानसिक रोग सम्बन्धी औषधी सेवन गरेको भन्ने भारतका डा. प्रकाश मोहन वेरिको प्रेस्क्रिप्सन साथै रहि आएको अवस्थामा मलाई मानसिक रोग लागेको प्रष्ट हुँदा हुँदै अभियोग दावी बमोजिम सजाय गर्ने गरेको रुपन्देही जल्ला

अदालतको फैसला त्रुटिपुर्ण हुँदा उल्टी गरी अभियोग दावीबाट सफाई पाउ भन्ने समेत व्यहोराको प्रतिवादी चेतन काफ्लेले उच्च अदालत तुलसीपुर बुटवल इजालासमा दिएको पुनरावेदन पत्र ।